# ☛हदम्याद सम्बन्धी कानुनलाई समयानुकूल बनाउन बनेको विधेयक

**प्रस्तावना** : हदम्याद सम्बन्धी प्रचलित कानुनलाई समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "हदम्याद सम्बन्धी ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलगोमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले प्रचलित कानुन बमोजिम उजुरी लिई कारबाही र किनारा गर्न स्थापना भएको अदालत सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम उजुरी लिई कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य निकाय वा अधिकारी समेतलाई जनाउँछ ।

(ख) "उजुरी" भन्नाले अदालत समक्ष दायर हुने फिरादपत्र, नालिस वा सो सरहको निवेदनपत्र वा अभियोगपत्र वा प्रतिवेदन सम्झनु पर्छ ।

(ग) "नाबालिग" भन्नाले सोह्र वर्षको उमेर पूरा नभएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "हदम्याद" भन्नाले यो ऐन वा प्रचलित कानुन बमोजिम उजुरी दर्ता गर्नको लागि तोकिएको अन्तिम दिनसम्मको अवधि सम्झनु पर्छ ।

३. **प्रचलित कानुन बमोजिमको हदम्याद लागू हुने** : प्रचलित कानुनमा कुनै निश्चित अवधि तोकी हदम्यादको व्यवस्था भएकोमा सोही अवधिभित्र र कुनै निश्चित अवधि नतोकी उजुरी दिन हदम्याद नलाग्ने भनी स्पष्ट व्यवस्था भएकोमा सो व्यवस्थाको अधीनमा रही दिएको उजुरी मात्र अदालतले दर्ता गर्नु पर्नेछ ।

---

☛ आयोगले आर्थिक वर्ष २०६३।०६४ मा सरकारमा पेश गरेको मसौदा ।

नेपाल कानून आयोग

४. **हदम्यादको व्यवस्था नभएकोमा छ महिना भित्र उजुरी दिनु पर्ने** : (१) प्रचलित कानुनमा कुनै विषयमा उजुरी दिने सम्बन्धमा हदम्यादको व्यवस्था भएको रहेनछ भने त्यस्तो विषयमा उजुरी दिनुपर्ने कारण परेको मितिले छ महिनाभित्र उजुरी दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघि नै त्यस्तो उजुरी दिनु पर्ने कारण परिसकेको भए यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र उजुरी दिनु पर्नेछ ।

५. **हदम्याद नहुने**: दफा ४ को उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूचीमा उल्लिखित मुद्दामा उजुरी गर्नलाई हदम्याद हुँदैन । त्यस्तो मुद्दामा जहिले सुकै पनि उजुरी गर्न सकिनेछ ।

६. **थाहा पाएको मितिले उजुरी दिन पाउने हदम्याद** : दफा ३ र ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि धोका, जालसाजी वा षड्यन्त्र भएको वा त्यस्तै अन्य कुनै कारणले उजुरी दिनु पर्ने कारण परेको कुरा थाहा पाउन सक्ने परिस्थिति नभई कसैको हदम्याद गुज्रन गएको रहेछ भने निजले सो कुरा थाहा पाएको मितिले पैंतीस दिनभित्र कारण सहित उजुरी दिन आएमा अदालतले दफा १७ को अधीनमा रही त्यस्तो उजुरी दर्ता गरी कारवाही गर्न सक्नेछ ।

**स्पष्टीकरणः** नेपाल सरकार वा प्रचलित कानुन बमोजिम स्थापित कुनै संगठित संस्थाले उजुरी दिनु पर्ने विषयको हकमा सम्बन्धित कार्यालय प्रमुखले थाहा पाएको मितिलाई नै यस दफाको प्रयोजनको लागि थाहा पाएको मिति मानिनेछ ।

७. **उजुरी दर्ता नहुने** : यो ऐन वा प्रचलित कानुन बमोजिमको हदम्याद नाघेको उजुरी दर्ता गर्न हुँदैन । हदम्याद नाघेको उजुरी दर्ता भएको रहेछ भने पनि त्यस्तो उजुरी खारेज हुनेछ ।

नेपाल कानून आयोग

८. **सार्वजनिक विदा पछि उजुरी दर्ता हुन सक्ने** : हदम्यादको अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्तो विदाको लगत्तै पछि अदालत खुलेको दिन उजुरी दिन आएमा अदालतले त्यस्तो उजुरी हदम्यादभित्रको मानी दर्ता गरिदिनु पर्छ। ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि “सार्वजनिक विदा” भन्नाले नेपाल सरकारले समय समयमा सूचना प्रकाशन गरी तोकेको विदालाई जनाउँछ।

९. **नावालिगको सम्बन्धमा हदम्यादको विशेष व्यवस्था** : (१) उजुरी गर्नु पर्ने कुनै व्यक्ति नावालिग भएमा वालिग भएपछि मात्र निजको हकमा हदम्याद प्राम्भ भएको मानिनेछ।

(२) उजुरी गर्नु पर्ने नाबालिगको बालिग नहुँदै मृत्यु भएमा निजको मृत्यु भएको दिनदेखि हदम्याद प्रारम्भ हुनेछ। सो हदम्याद भित्र निजको हकवालाले उजुरी दिन सक्नेछ।

(३) उजुरी गर्नु पर्ने कुनै नावालिग बालिग भएपछि उजुरी गर्न बाँकी रहेकै अवस्थामा मृत्यु भएमा र हदम्याद पैंतीस दिन वा सोभन्दा बढी दिन बाँकी भएमा बाँकी हदम्यादभित्र र हदम्याद पैंतीस दिनभन्दा कम दिन बाँकी भएमा पैंतीस दिनभित्र निजको हकवालाले उजुरी गर्न सक्नेछ।

१०. **मगज बिग्रेको व्यक्तिको सम्बन्धमा हदम्यादको विशेष व्यवस्था** : (१) हदम्याद प्रारम्भ हुनुभन्दा पहिलेदेखिनै उजुरी गर्नु पर्ने व्यक्तिको मगज बिग्रेको भए निज सद्दे भएको दिनदेखि मात्र निजको हकमा हदम्याद प्रारम्भ भएको मानिनेछ।

(२) हदम्याद प्रारम्भ भएपछि उजुरी गर्न नपाउँदै उजुरी गर्नुपर्ने व्यक्तिको मगज बिग्रेमा र पछि सद्दे भएमा हदम्याद प्रारम्भ भएको जति दिन पछि मगज बिग्रेको हो सद्दे भएपछि त्यति दिन हदम्यादको अवधिबाट कट्टा गरी हदम्यादको बाँकी अवधिभित्र उजुरी दिएमा हदम्यादभित्रको उजुरी मानिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मगज बिग्रेको व्यक्ति सद्दे हुँदा सोही उपदफा बमोजिम हदम्यादको बाँकी अवधि सात दिनभन्दा कम भएमा सात दिनको हदम्याद बाँकी रहेको मानिनेछ।

नेपाल कानून आयोग

(४) उजुरी गर्नु पर्ने मगज बिग्रेको व्यक्तिको मगज बिग्रेकै अवस्थामा मृत्यु भएमा निजको मृत्यु भएको दिनदेखि हदम्याद प्रारम्भ हुन्छ । सो हदम्यादभित्र निजको हकवालाले उजुरी गर्न सक्नेछ ।

(५) उजुरी गर्नु पर्ने मगज बिग्रेको व्यक्ति सद्दे भएपछि उजुरी गर्न बाँकी रहेकै अवस्थामा मृत्यु भएमा र हदम्याद पैंतीस दिन वा सोभन्दा बढी दिन बाँकी भएमा बाँकी हदम्यादभित्र र हदम्याद पैंतीस दिनभन्दा कम भएमा पैंतीस दिनभित्र निजको हकवालाले उजुरी गर्न सक्नेछ ।

११. **हकवालाले उजुरी दिने**: दफा ९ को उपदफा (१) र दफा १० को उपदफा (१) र (२) मा जुनसुकै कुरा देखिएको भएतापनि प्रचलित कानुन बमोजिम नावालिग वा मगज बिग्रेको व्यक्तिको हकमा निजको संरक्षक वा हकवालाले उजुरी दिन पाउने व्यवस्था भएकोमा सो बमोजिम त्यस्तो संरक्षक वा हकवालाले यो ऐनको अधिनमा रही उजुरी दिन सक्नेछ

१२. **अचल सम्पत्ति निखन्ने:** दफा ९ र १० मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुन बमोजिम बन्धकी निखन्ने बाहेक अरु अचल सम्पत्ति निखन्ने उजुरीको सम्बन्धमा सो दफा ९ र १० को व्यवस्था लागू हुने छैन ।

१३. **हदम्याद स्थगन नहुने** : (१) संयुक्त रूपमा उजुरी गर्नु पर्ने व्यक्तिहरूमध्येको कुनै व्यक्ति नावालिग भएमा वा मगज विग्रेमा पनि अन्य व्यक्तिको हकमा हदम्याद स्थगन हुँदैन ।

(२) संयुक्त रूपमा मुद्दा गर्नुपर्ने व्यक्तिहरूमध्ये नावालिग वा बहुलाएको व्यक्तिले दफा ९ र १० को अधिनमा रही छुट्टै उजुरी दिन सक्नेछ ।

१४. **नेपालबाहिर भएको काम कुराको सम्बन्धमा लागू हुने हदम्याद** : नेपालबाहिर भएको कुनै काम कुराको सम्बन्धमा प्रचलित कानुन बमोजिम नेपालको कुनै अदालतमा उजुरी लाग्न सक्ने भएमा सो काम कुरा नेपालभित्र भए गरे सरह यो ऐन वा प्रचलित अन्य कानुनमा उल्लिखित हदम्यादभित्र उजुरी गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

१५. **क्षेत्राधिकार नभएको अदालत समक्ष दिएको उजुरी सम्बन्धी हदम्याद** : प्रचलित कानुन बमोजिम कसैले कुनै अदालत समक्ष उजुरी दिएकोमा क्षेत्राधिकार नभएको कारणबाट सो अदालतले त्यस्तो उजुरीको निर्णय गर्न नमिल्ने भएमा सो अदालतले तत्सम्बन्धमा कारवाही टुङ्गयाएको मितिबाट सम्बन्धित व्यक्तिको उजुरी दिने हदम्याद प्रारम्भ भएको मानिनेछ ।

तर उजुरी गर्दाकै अवस्थामा क्षेत्राधिकार नभएको अदालत भन्ने थाहा भएको वा थाहा हुन सक्ने मनासिव कारण भएकोमा क्षेत्राधिकार नभएको अदालत समक्ष कारवाही चलेको कारणले मात्र यो दफा बमोजिम उजुरी गर्न थप हदम्याद पाईने छैन ।

१६. **काबुबाहिरको परिस्थितिको कारण हदम्याद नगुज्रने** : दफा ३ र ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि उजुरी गर्नुपर्ने व्यक्तिको काबूबाहिरको परिस्थिति उत्पन्न भएको कारणले निजको हदम्याद गुज्रेको रहेछ भने त्यस्तो परिस्थितिको अन्त्य भएको मितिले पैंतीस दिनभित्र सो कुरा उल्लेख गरी सम्बन्धित पक्षले उजुरी दिन आएमा दफा १७ को अधिनमा रही अदालतले त्यस्तो उजुरी दर्ता गरी कारवाही गर्नुपर्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनाको लागि "काबू बाहिरको परिस्थिति" भन्नाले कसैले अपहरण गरी लगेको वा शरीर बन्धक लिएको वा प्राकृतिक प्रकोप परेको कारणले अदालत समक्ष उपस्थित हुनै नसकेको अवस्थालाई जनाउँछ ।

१७. **हदम्याद गुज्रनाको कारणको प्रमाण पेश गर्नु पर्ने** : (१) दफा ६ वा दफा १६ बमोजिम उजुरी गर्दा हदम्यादभित्र उजुरी गर्न नसकेको कारण उल्लेख गर्नु पर्नेछ र त्यस्तो कारणलाई पुष्टि गर्ने प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अदालत समक्ष पेश गरिएको कारण मनासिव नभएको वा झुट्ठा भएको भनी विपक्षी बनाईएको व्यक्तिले प्रतिवाद गरेमा र अदालत त्यस्तो प्रतिवाद सँग सहमत भएमा उजुरी दर्ता सम्बन्धमा दफा ६ वा दफा १६ को सुविधा दिईने छैन ।

नेपाल कानून आयोग

१८. **स्वीकृति प्राप्त गरेको मितिबाट हदम्याद प्रारम्भ हुने** : कुनै व्यक्ति, संस्था वा पदाधिकारी विरुद्ध उजुरी गर्नु अघि कसैको स्वीकृति प्राप्त गर्नु पर्ने गरी प्रचलित कानुनमा व्यवस्था भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो स्वीकृतिको सूचना प्राप्त गरेको मितिबाट उजुरी दिने हदम्याद प्रारम्भ भएको मानिनेछ ।

१९. **उजुरी सुन्ने अधिकारी तोकिए पछि हदम्याद प्रारम्भ हुने** : प्रचलित कानुन बमोजिमको उजुरी सुन्ने अधिकारी वा निकाय तोक्ने अधिकार नेपाल सरकार वा अन्य कुनै निकाय वा पदाधिकारीलाई भएकोमा त्यस्तो मुद्दा सुन्ने अधिकारी वा निकाय तोकिएको मितिबाट यस ऐनको अन्य व्यवस्थाको अधिनमा रही उजुरी दिने हदम्याद शुरु भएको मानिनेछ ।

२०. **हदम्याद सम्बन्धी अवधि गणना** : (१) हदम्यादको अवधि दिन गन्तीमा तोकिएको भए जति दिन तोकिएको हो त्यतिनै दिन गन्तिको हिसावले गणना गर्नु पर्नेछ ।

(२) हदम्यादको अवधि महिनामा तोकिएको भए जतिसुकै दिनको महिना भए पनि संक्रान्तिको हिसावले जति महिना तोकिएको हो त्यतिनै महिनाको हिसावले गणना गर्नु पर्नेछ ।

**उदाहरण** : एक महिनाको हदम्याद रहेछ भने बैशाख ३ गतेदेखि हदम्याद शुरु हुनेमा सो को हदम्याद जेठ २ गतेसम्म रहेको मान्नु पर्छ ।

(३) हदम्यादको अवधि वर्षमा तोकिएको भए बाह्र महिनाको अवधिलाई एक वर्ष मानी जति वर्ष तोकिएको हो त्यति नै वर्षको हिसावले गणना गर्नु पर्छ ।

**उदाहरण:** एक वर्षको हदम्याद भएमा र बैशाख ३ गतेदेखि हदम्याद शुरु हुने भएमा सो को हदम्याद अर्को सालको बैशाख २ गतेसम्म रहेको मान्नु पर्छ ।

(४) प्रचलित कानुन वा यस ऐनमा हदम्याद प्रारम्भ हुने दिनको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा उजुरी दिनु पर्ने कारण परेको दिनबाट हदम्याद प्रारम्भ भएको मानिनेछ ।

नेपाल कानून आयोग

२१. **लगातार जारी रहेको कसूरको सम्बन्धमा हदम्यादको गणना** : (१) लगातार भए गरेको फौजदारी कसूरको सम्बन्धमा हदम्यादको गणना गर्दा सबभन्दा पछिल्लो कसूर भएको दिनबाट गणना गरिनेछ।

(२) लगातार भए गरेको देवानी विषयको सम्बन्धमा हदम्यादको गणना गर्दा सबैभन्दा पहिलो पटकको मितिबाट गणना गरिनेछ।

२२. **अभियोगपत्रबाट दायर हुने मुद्दाको सम्बन्धमा विशेष व्यवस्था** : अभियोगपत्रबाट दायर हुने मुद्दामा प्रचलित कानुन बमोजिमको हदम्यादभित्र उजुरी दिन नभ्याउने कुनै मनासिव कारण देखाइ सम्बन्धित सरकारी वकिलले अदालत समक्ष निवेदन दिएमा अदालतले तत्सम्बन्धमा अवस्था हेरी बढीमा पैंतीस दिनसम्मको हदम्याद थपिदिन सक्नेछ।

२३. **पुनरावेदन तथा निवेदनपत्र सम्बन्धमा पनि लागू हुने**: (१) यस ऐनको दफा ३, ८, १५, १६, १८, १९ र २० सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम दिइने पुनरावेदन वा सो सरहको निवेदनपत्रको सम्बन्धमा समेत लागू हुनेछ।

(२) यस ऐनको दफा ८, ९, १०, १६, १७ र २० सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम फैसलाको कार्यान्वयनको निमित्त दिने दरखास्तको सम्बन्धमा पनि लागू हुनेछ।

२४. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र अन्य प्रचलित कानुनमा उल्लिखित हदम्याद सम्बन्धी कुरामा सोही बमोजिम हुनेछ।

२५. **अनुसूचीमा थपघट गर्न सक्ने**: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा थपघट गर्न सक्नेछ।

२६. **संशोधन र खारेजी** : मुलुकी ऐनको-,

(क) लेनदेन व्यवहारको ४० नम्बरमा रहेको "यस्तो व्यवहार गरेको सदर हुँदैन भनेको, नालिश सुनिने छैन भनेको, नाबालकको धन बिगार्नलाई बेइमानी गरेको, व्याजको व्याज खाएको, व्याजमा दशौंददेखि बढ्ता लेखाएको वा

नेपाल कानुन आयोग

लखबन्धक लिंदा बढ्ता लिएको बढ्ता करार लेखाएको यति कुरामा हदम्याद लाग्दैन” भन्ने वाक्यांश झिकिएको छ ।

(ख) अदालती बन्दोवस्तको ४५ र ४६ नम्बरमा रहेका “हदम्याद पुग्ने वा” भन्ने शब्दहरू र “ हदम्याद वा” भन्ने शब्दहरू झिकिएका छन् ।

(ग) अदालती बन्दोवस्तको ३६, ३९, ४०, ४१, ४२, ४३ र ४४ नम्बर खारेज गरिएका छन् ।

(घ) ज्यान सम्बन्धी महलको २० नम्बर खारेज गरिएकोछ ।

नेपाल कानून आयोग

# अनुसूची

( दफा ५ सँग सम्बन्धित )

(क) राज्यद्रोह सम्बन्धी मुद्दा,

(ख) भ्रष्टाचार सम्बन्धी मुद्दा,

(ग) लागू औषध सम्बन्धी मुद्दा,

(घ) जीउ मास्ने बेच्ने कार्य सम्बन्धी मुद्दा,

(ङ) जासुसी सम्बन्धी मुद्दा,

(च) कर्तव्य परी मरेको ज्यान मुद्दा ।

नेपाल कानून आयोग